# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३१) काठमाडौं, चैत ३० गते २०३८ साल (संख्या ५२


श्री ५ को सरकार

### गृह मन्त्रालयको

### सूचना

**प्रहरी (चौथो संशोधन) नियमावली, २०३८**

प्रहरी नियमावली, २०३३ लाई संशोधन गर्न बाञ्छनीय भएकोले,

प्रहरी ऐन, २०१२ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "प्रहरी (चौथो संशोधन) नियमावली, २०३८" रहेको छ ।

(२) यस नियमावलीको नियम ७ र ८, २०३८ साल वैशाख १ गतेदेखि र नियम ४, ६, ९, १०, ११, १२ र १९, २०३८ साल श्रावण १ गतेदेखि प्रारम्भ भएको मानिनेछ र अन्य नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. प्रहरी नियमावली, २०३३ को नियम २.१ मा संशोधन : प्रहरी नियमावली, २०३३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २.१ को सट्टा देहायको नियम २.१ राखिएको छः–

"२.१ प्रहरी सेवाको विभाजनः प्रहरी सेवालाई देहायबमोजिम तीन समूहमा विभाजित गरिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) प्रहरी ।

(ख) सशस्त्र प्रहरी ।

(ग) प्रहरी पहरा गण ।"

३. मूल नियमावलीको नियम ४.६ मा संशोधनः मूल नियमावलीको नियम ४.६ को खण्ड (ग) को प्रतिवन्धात्मक वाक्यांश (२) मा रहेको "कुल अवधिको" भन्ने शब्दहरूपछि "तालीम" भन्ने शब्द थपिएको छ ।

४. मूल नियमावलीको नियम ७.५ मा संशोधन : मूल नियमावलीको नियम ७.५ को,–

(१) उप-नियम (२) मा रहेको "१२०" भन्ने अंकहरूको सट्टा "एकसय पचास" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उप-नियम (४) मा रहेको "घर बिदा बापत" भन्ने शब्दहरूको सट्टा "घर बिदाबाट बढीमा एकसय बीस दिनसम्मको रकम" भन्ने शब्दहरू राखिएका छन् र सोही उप-नियममा रहेको "रकम" भन्ने शब्द झिकिएको छ ।

५. मूल नियमावलीको नियम १०.१ मा संशोधन : मूल नियमावलीको नियम १०.१ को उप-नियम (५) पछि देहायको उप-नियम (६) थपिएको छः–

"(६) नियम १०.३ बमोजिम निवृत्तभरण पाउने अवस्था पुगेको कुनै प्रहरी कर्मचारीलाई श्री ५ को सरकारले चाहेमा नोकरीबाट अवकाश दिलाउन सक्नेछ ।"

६. मूल नियमावलीमा नियम १०.१ क थपः मूल नियमावलीको नियम १०.१ पछि देहायको नियम १०.१ क थपिएको छः–

"१०.१क. स्वेच्छिक अवकाश : (१) नियम १०.३ बमोजिम निवृत्तभरण पाउने अवधि पूरा गरिसकेका प्रहरी कर्मचारीलाई निजको इच्छा भएमा नियुक्ति गर्ने अधिकारीले नोकरीबाट अवकाश लिने अनुमति दिन सक्नेछ ।

(२) नियम १०.३ बमोजिम निवृत्तभरण पाउने अवधि पूरा गरिसकेका प्रहरी कर्मचारीले नियम १०.१ मा तोकिएको उमेरको हद नपुग्दै अवकाश लिन चाहेमा सो उमेर पुग्ने मितिले जति वर्षअघि अवकाश लिन चाहेको छ त्यति वर्षको निवृत्तभरण एकमुष्ट पाउनेछ । तर यसरी पाउने निवृत्तभरण सात वर्षको भन्दा बढी हुनेछैन ।

(३) उप-नियम (२) बमोजिम अवकाश लिने प्रहरी कर्मचारीले पाउने निवृत्तभरणको हिसाब गर्दा निजको जम्मा नोकरी वर्षमा सोही उप-नियमबमोजिमको अवधि र सो अवधिमा ग्रेड वृद्धि पाउने भए सोसमेत थपी हिसाब गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उप-नियम (२) बमोजिम प्रहरी कर्मचारीले जति वर्षको निवृत्तभरण अग्रिम रूपमा एकमुष्ट लिएको हो सो अवधि भुक्तान भएपछि यस परिच्छेदबमोजिम पाउने निवृत्तभरण पाउन थाल्नेछ।

(५) यस नियमबमोजिम स्वेच्छिक अवकाश लिन पाउनेको संख्या प्रत्येक आर्थिक वर्षको निमित्त श्री ५ को सरकारले तोकेबमोजिम हुनेछ।"

७. मूल नियमावलीको नियम १०.२ मा संशोधनः मूल नियमावलीको नियम १०.२ को प्रतिवन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिवन्धात्मक वाक्यांश राखिएको छः–

"तर, खण्ड (क), (ख) र (ग) अनुसार पाउने उपदानको रकम प्रहरी कर्मचारी अवकाश हुँदाको अवस्थामा निजामती सेवाका विशिष्ट श्रेणीको प्रचलित तलब स्केलको शुरू तलब अंकको हिसाबले हुने क्रमशः ६ महीना, १२ महीना र १८ महीनाको तलबभन्दा बढी हुनेछैन।"

८. मूल नियमावलीको नियम १०.३ मा संशोधनः मूल नियमावलीको नियम १०.३ को,–

(१) उप-नियम (२) पछि देहायको उप-नियम (२ क) थपिएको छः–

"(२ क) चार वर्षभन्दा बढी अवधि प्रहरी महा-निरीक्षकको पदमा काम गरेको प्रहरी कर्मचारीलाई उप-नियम (२) मा उल्लिखित मासिक निवृत्तभरणको अतिरिक्त सो पदमा चार वर्षभन्दा बढी काम गरेको प्रत्येक वर्षको निमित्त रू. ५०।– का दरले थप मासिक निवृत्तभरण दिइनेछ।"

(२) उप-नियम (३) मा रहेको "यस नियमावलीबमोजिम पाउने निवृत्तभरण मासिक रू. ७५०।– भन्दा बढी हुनेछैन" भन्ने शब्दहरूको सट्टा "यस नियम अनुसार पाउने निवृत्तभरणको रकम प्रहरी कर्मचारी अवकाश हुँदाको अवस्थामा निजामती सेवाका विशिष्ट श्रेणीको प्रचलित तलब स्केलको शुरू तलब अंकको आधा रकमभन्दा बढी हुनेछैन" भन्ने शब्दहरू राखिएको छ।

९. मूल नियमावलीमा नियम १०.३ क थपः मूल नियमावलीको नियम १०.३ पछि देहायको नियम १०.३ क थपिएको छः–

"१०.३क. निवृत्तभरणमा वृद्धिः (१) बहालवाला प्रहरी कर्मचारीको तलब वृद्धि हुँदा तलब स्केलको शुरू अंकमा जति प्रतिशतले वृद्धि भएको छ निवृत्तभरण पाइरहेका व्यक्तिको पनि निजले खाईपाई आएको निवृत्तभरणको अंकमा सोही प्रतिशतको दुई-तिहाईका दरले वृद्धि गरिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) प्रचलित तलबको स्केलको न्यूनतम अंकभन्दा कम रकम निवृत्तभरण पाइरहेका व्यक्तिको निवृत्तभरणमा वृद्धि गर्ने प्रतिशत कायम गर्दा तलबको न्यूनतम स्केलमा भएको वृद्धिको प्रतिशतलाई नै आधार मानिनेछ ।

(३) उप-नियम (१) बमोजिम निवृत्तभरणमा वृद्धि गर्दा कसैको निवृत्तभरणको अंक साविकमा निजको भन्दा कम पाउने व्यक्तिको अंकभन्दा कम हुन जाने भएमा निजले पाउने अंक त्यस्तो व्यक्तिले पाएको अंकभन्दा कम हुनेछैन ।

(४) उप-नियम (१) बमोजिम निवृत्तभरणमा वृद्धि गर्दा नियम १०.३ को उप-नियम (३) मा तोकिएको अंकभन्दा बढी हुने गरी वृद्धि गरिनेछैन ।"

१०. मूल नियमावलीको नियम १०.४ मा संशोधन : मूल नियमावलीको नियम १०.४ को सट्टा देहायको नियम १०.४ राखिएको छः–

"१०.४. पारिवारिक निवृत्तभरण र उपदान : (१) कुनै प्रहरी कर्मचारीको नोकरीमा छँदै अथवा आफूले निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा मृत कर्मचारीको परिवारलाई नियम १०.२ बमोजिम उपदान वा नियम १०.३ बमोजिम निवृत्तभरण दिइनेछ ।

तर निवृत्तभरणको हकमा त्यस्तो निवृत्तभरण सात वर्ष भन्दा बढी समयसम्म प्राप्त हुनेछैन र निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएको प्रहरी कर्मचारीको परिवारलाई सो सात वर्ष पुगेपछि निवृत्तभरण प्राप्त हुनेछैन ।

उदाहरणको लागिः छ वर्षदेखि निवृत्तभरण पाइरहेको प्रहरी कर्मचारीको मृत्यु भएमा निजको परिवारलाई सो सात वर्ष पूरा हुन बाँकी एक वर्षको मात्र निवृत्तभरण दिइनेछ ।

स्पष्टीकरण : त्यस्तो निवृत्तभरण २०३२ साल श्रावण १ गते भन्दा अघिदेखि पाई २०३२ साल श्रावण १ गते वा सोभन्दा पछिसम्म पाइरहेका परिवारले निवृत्तभरण पाउन थालेको मितिले सात वर्ष नपुगेसम्म पाउनेछ ।

(२) प्रहरी कर्मचारीको बिधवा पत्नीले निजको पति नोकरीमा छँदै वा निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा उप-नियम (१) बमोजिम पारिवारिक निवृत्तभरण पाउने भएमा सो निवृत्तभरण पाउने अवधि भुक्तान भएको मितिदेखि र त्यस्तो निवृत्त-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भरण नपाउने भएमा वा निजको पतिले निवृत्तभरण पाउन थालेको सात वर्ष व्यतित भइसकेपछि मृत्यु भएकोमा निज कर्मचारीको मृत्यु भएको मितिदेखि दश वर्षसम्म निजले पाउने निवृत्तभरणको आधा रकम पाउनेछ ।"

११. मूल नियमावलीको नियम १०.११ मा संशोधन: मूल नियमावलीको नियम १०.११ को सट्टा देहायको नियम १०.११ राखिएको छः–

"१०.११. नोकरी अवधिको गणना : (१) यस परिच्छेदको प्रयोजनको निमित्त नोकरी अवधिको गणना गर्दा शाही नेपाली सेना वा प्रहरी सेवा वा पदमा स्थायी नियुक्ति भै नोकरी गरेको जम्मा अवधि (बीचमा टुटेको भए सो टुटेको अवधि कटाई) लाई गणना गरिनेछ ।

(२) उप-नियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदान पाइसकेको व्यक्ति प्रहरी सेवा वा पदमा नियुक्त भएमा निजले पहिले पाएको उपदानका रकम फिर्ता गरेमा मात्र निजको पहिलेको नोकरी जोडिनेछ ।

(३) उप-नियम (१) अनुसार गणना गर्दा निलम्बनमा रहेको अवधिलाई समेत गणना गरिनेछ ।"

१२. मूल नियमावलीमा नियम १०.१२ थप: मूल नियमावलीको नियम १०.११ पछि देहायको नियम १०.१२ थपिएको छः–

"१०.१२. उपचार खर्चः (१) कुनै प्रहरी कर्मचारी बिरामी भएमा औषधोपचारको लागि देहायबमोजिम भएको खर्चको रकम श्री ५ को सरकारले उपचार खर्च वापत दिनेछः–

(क) अस्पताल भर्ना भै वा नभै उपचार गराउँदा लागेको अस्पतालको बिलबमोजिमको खर्च र अस्पतालको चिकित्सकको रोगको निदानसहितको प्रेसक्रिप्शनबमोजिम खरीद गरेको औषधि खर्च,

(ख) अस्पताल नभएको ठाउँमा वा अस्पताल भर्ना भै अस्पतालबाट निस्केपछि पनि रोगको उपचारको निमित्त वा अस्पताल भएपनि अस्पतालमा भर्ना हुन नपर्ने वा भर्ना हुन नसकेको अवस्था वा किसिमको रोगको सम्बन्धमा कुनै दर्तावाला वा स्वीकृत योग्यता प्राप्त डाक्टर, कविराज, वैद्य वा हेल्थ असिष्टेण्टले जाँच गर्दा लिएको शुल्क र रोगको निदानसहितको प्रेसक्रिप्शन अनुसार खरीद गरेको औषधि खर्च,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) अस्पताल पनि नभएको र डाक्टर, कविराज, वैद्य वा हेल्थ असिस्टेण्ट पनि नभएको ठाउँमा भएको उपचारमा कार्यालय प्रमुख मातहतका प्रहरी कर्मचारीको हकमा कार्यालय प्रमुख, कार्यालय प्रमुखको हकमा एक तहमाथिको कार्यालय प्रमुख र प्रहरी महा-निरीक्षकको हकमा सम्बन्धित मन्त्रालयको सचिवले सिफारिश गरेको खर्च,

(घ) प्लाष्टिक सर्जरी वा निजी नर्सिङ्ग होममा गरेको चिरफार (सर्जिकल अपरेशन) बाहेक सबै किसिमको चिरफार गर्दा लागेको बिलबमोजिमको खर्च,

(ङ) आफ्नो घर वा डेरा छाडी अर्को जिल्लामा वा विदेशमा गई औषधी उपचार गराउँदा त्यस्तो स्थानसम्म पुग्दाको र फर्कंदाको बिरामीको र कुरुवा चाहिने अवस्था भए एक जना कुरुवासम्मको यातायात खर्चको पूरै रकम र खाना खर्च वापत निज बिरामी प्रहरी कर्मचारीले नियमानुसार पाउने दैनिक भत्ताको पचहत्तर प्रतिशत रकम ।

(२) उप-नियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रहरी कर्मचारीको तमाम नोकरी अवधि भरमा राजपत्रांकित प्रहरी कर्मचारी भए बाह्र महीना बराबरको र राजपत्र अनंकित प्रहरी कर्मचारीमध्ये प्रहरी नायव निरीक्षक भए अठार महीना बराबरको र अन्य राजपत्र अनंकित प्रहरी कर्मचारी भए एक्काईस महीना बराबरको तलब रकमसम्म मात्र उपचार खर्च दिइनेछ ।

तर सरकारी कामको सिलसिलामा चोटपटक लाग्न गई घायल भएको प्रहरी कर्मचारीको उपचार गर्न वा नेपाल अधिराज्यभित्र औषधि उपचार हुन नसक्ने भनी श्री ५ को सरकारद्वारा नियुक्त मेडिकल बोर्डले सिफारिश गरेको प्रहरी कर्मचारीले विदेशमा गई उपचार गराउन चाहेमा निजलाई उप-नियम (१) बमोजिम पाउने उपचार खर्चको अतिरिक्त श्री ५ को सरकारले उचित ठहराएको थप आर्थिक सहायता दिन सक्नेछ ।

(३) यस नियमबमोजिम पाउने उपचार खर्च कुनै प्रहरी कर्मचारीले पेस्कीको रूपमा लिन चाहेमा कारण मनासिब देखिए उप-नियम (२) को अधीनमा रही पछि हिसाब बुझाउने गरी पेस्की दिन सकिनेछ र त्यसरी पेस्की लिएको रकम पछि हिसाब गर्दा उपचार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बापत पाउने रकमभन्दा बढी हुन आएमा बढी भएजति रकम सम्बन्धित प्रहरी कर्मचारीको तलबबाट किस्ताबन्दीमा कट्टी गरिनेछ। तर त्यसरी कट्टी गर्नु पर्ने रकम भुक्तानी नहुँदै सम्बन्धित प्रहरी कर्मचारी-को मृत्यु भएमा कट्टी गर्न बाँकी रहेको रकम मिन्हा हुनेछ।

(४) चश्मा, दाँत, हेरिङ एड आदि उपकरणको लागि प्रहरी कर्मचारीलाई श्री ५ को सरकारले समय समयमा आदेश जारी गरी तोकिएको हदसम्मको रकमको लागेको बिलबमोजिमको खर्च दिइनेछ।

(५) प्रहरी कर्मचारीको सगोलको पति वा पत्नी, आमा, बाबु वा नाबालक छोरा छोरी बिरामी भएमा यस नियमबमोजिम पाउने अधिकतम उपचार खर्चको रकमबाट कट्टा हुने गरी सो रकमको आधासम्म बिलबमोजिम भएको उपचार खर्चको नब्बे प्रतिशत रकम सम्बन्धित कर्मचारीले लिन पाउनेछ। त्यस्तो उपचार खर्चको माग गर्दा रोगको निदान उल्लेख गरिएको चिकित्सकको प्रेसक्रिप्शन पनि पेश गर्नु पर्नेछ। यस उप-नियमबमोजिम पाउने उपचार खर्च एक पटकमा सम्बन्धित प्रहरी कर्मचारीको एक महीनाको तलबभन्दा बढी हुनेछैन।

(६) कुनै प्रहरी कर्मचारीको सगोलको पति वा पत्नी, आमा, बाबु वा नाबालक छोरा छोरी बिरामी भई विदेशमा गई उपचार गराउनु पर्दा वा स्वदेशमै अस्पताल भर्ना भई शल्यक्रिया वा उपचार गराउनु पर्दा अस्पतालमा लागेको बिलबमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेसक्रिप्शनबमोजिम लागेको औषधि उपचारको खर्चको नब्बे प्रतिशत रकम उप-नियम (२) बमोजिम प्रहरी कर्मचारीले पाउने रकममध्येबाट पाउनेछ।

(७) उप-नियम (५) र (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रहरी कर्मचारीको सगोलको पति वा पत्नी, आमा वा बाबु कुनै सरकारी सेवामा वा सरकारी स्वामित्व वा नियन्त्रणमा भएको संस्थाको सेवामा बहालवाला कर्मचारी भएमा त्यस्तो उपचार खर्च पाउनेछैन।

(८) यस नियममा यसअघि जुनसुकै कुरा लेखिएको भए तापनि देहायका प्रहरी कर्मचारीले एक पटकमा देहायको रकम भन्दा बढी खर्च भएको उपचार खर्च पाउनेछैनः—

| | |
|---|---|
| (१) प्रहरी महा-निरीक्षक | रू. १७१।– |
| (२) प्रहरी नायब महा-निरीक्षक | रू. १३२।– |
| (३) प्रहरी उपरीक्षक | रू. ८५।– |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| (४) प्रहरी नायब उपरीक्षक | रू. | ८५।– |
| (५) प्रहरी निरीक्षक | रू. | ५७।– |
| (६) प्रहरी नायब निरीक्षक | रू. | ३२।– |
| (७) प्रहरी सहायक निरीक्षक | रू. | २१।– |
| (८) प्रहरी हवल्दार | रू. | १४।– |
| (९) प्रहरी जवान | रू. | १२।– |
| (१०) फलवर्स (नन् कन्वेटेण्ट) | रू. | १०।– |

(९) झूट्ठा व्यहोरा पेश गरी यस नियमबमोजिम उपचार खर्च माग गर्ने वा प्राप्त गर्ने प्रहरी कर्मचारीउपर विभागीय कारवाई गरिनेछ। त्यसरी उपचार खर्च लिइसकेको भए सो रकम समेत त्यस्तो प्रहरी कर्मचारीबाट असूल गरिनेछ।

(१०) भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यतया अयोग्य ठहरिने गरी बर्खास्त गरिएको अवस्थामा बाहेक अरू जुनसुकै व्यहोराबाट प्रहरी कर्मचारीले नोकरीबाट अलग हुँदा उप-नियम (२) बमोजिम नोकरी अवधिभरमा पाउने उपचार खर्चमध्ये केही लिई वा नलिई उपचार खर्च बाँकी रहेको भए त्यस्तो बाँकी भएजति रकमको दुई-तिहाईको हिसाबले हुने एकमुष्ट रकम निजले त्यसरी नोकरीबाट अलग हुँदा लिन पाउनेछ।

तर निवृत्तभरण पाउने गरी सेवाबाट अवकाश पाएका प्रहरी कर्मचारीले त्यस्तो बाँकी भएजति पूरै रकम र पच्चीस वर्ष सेवा अवधि पूरा गरेको रहेछ भने त्यसमा अर्को दश प्रतिशत थप गरी हुन आउने रकम एकमुष्ट निजले त्यसरी नोकरीबाट अलग हुँदा लिन पाउनेछ।

(११) कुनै प्रहरी कर्मचारी दश वर्षको सेवा अवधि नपुग्दै भविष्यमा सरकारी नोकरीको निमित्त सामान्यतया अयोग्य ठहरिने गरी बर्खास्त गरिएको अवस्थामा बाहेक अरू जुनसुकै व्यहोराबाट नोकरीबाट अलग भएमा पनि दश वर्षको नोकरी अवधि मानी त्यसैको दामासाहीले उप-नियम (१) अनुसार पाउने उपचार खर्च पाउनेछ।

(१२) दश वर्ष सेवा अवधि नपुगेको कुनै प्रहरी कर्मचारीलाई औषधि उपचारको लागि खर्च दिंदा उप-नियम (२) मा तोकिएको रकमलाई दश वर्ष नोकरी गरे वापत पाउने रकम मानी दामासाहीले हुन आउने रकम मात्र दिइनेछ।

तर उप-नियम (१३) को खण्ड (क) र (ख) को अवस्थामा निजले काम गरिसकेको अवधिको हिसाबबाट नपुग भएमा निजलाई उप-नियम (२) मा तोकिएबमोजिम कै रकम दिन सकिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१३) कुनै पनि प्रहरी कर्मचारीलाई देहायको अवस्थामा बाहेक परिवार र आफ्नो निमित्तसमेत गरेर एक वर्षमा निजले खाईपाई आएको डेढ महीनाको तलब बराबरको रकमभन्दा बढी उपचार खर्च दिइनेछैन:–

(क) यस नियमबमोजिम विदेशमा गई उपचार गराउनु पर्दा वा स्वदेशमै पनि अस्पतालमा भर्ना भई उपचार गराउनु पर्दा ।

(ख) उप-नियम (६) बमोजिम परिवारलाई उपचार गराउँदा ।

(१४) यस नियमबमोजिम प्रहरी कर्मचारीले पाएको उपचार खर्चको विवरण खर्च लेख्ने कार्यालयले प्रहरी कर्मचारीको बिदाको अभिलेख र व्यक्तिगत अभिलेखमा राख्नु पर्नेछ । साथै त्यस्तो विवरण प्रहरी प्रधान कार्यालयमा पनि पठाउनु पर्नेछ र प्रहरी प्रधान कार्यालयले त्यसको अभिलेख अद्यावधिक बनाई राख्नु पर्नेछ ।

(१५) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी स्वास्थ्य उपचारको दृष्टिकोणले ज्यादै नै पिछडिएको भनी तोकिदिएका जिल्लाका प्रहरी कर्मचारीलाई लागेको रोग स्थानीय स्वास्थ्य सुविधाबाट उपचार हुन नसक्ने र निजको ज्यानलाई नै जोखिम हुने अवस्था परेको छ भनी सो जिल्लाको स्वास्थ्य केन्द्रको प्रमुखले सिफारिश गरेमा उपचारको लागि त्यस ठाउँबाट सबैभन्दा नजीकको नेपाल अधिराज्यभित्रको अरू कुनै अस्पतालमा लैजाँदा लाग्ने खर्च श्री ५ को सरकारले व्यहोर्नेछ ।"

१३. मूल नियमावलीको नियम १३.२१ मा संशोधन : मूल नियमावलीको नियम १३.२१ मा रहेको "रू. १००।–" भन्ने अंकहरूको अगाडि "मासिक" भन्ने शब्द थपिएको छ।

१४. मूल नियमावलीको नियम १४.१ मा संशोधन : मूल नियमावलीको नियम १४.१ मा रहेको "परामर्श लिई" भन्ने शब्दहरूको सट्टा "स्वीकृति लिई" भन्ने शब्दहरू राखिएका छन् ।

१५. मूल नियमावलीको नियम १४.२ मा संशोधन : मूल नियमावलीको नियम १४.२ को सट्टा देहायको नियम १४.२ राखिएको छ:–

"१४.२ प्रारम्भिक पोशाक र सामान : प्रत्येक प्रहरी कर्मचारीलाई अनुसूची – ९ मा उल्लेख भएबमोजिमको प्रारम्भिक पोशाक र सामान निःशुल्क दिइनेछ ।"

१६. मूल नियमावलीको नियम १४.३ मा संशोधन : मूल नियमावलीको नियम १४.३ को सट्टा देहायको नियम १४.३ राखिएको छ:–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६६८

"१४.३ जाडो मौसमको लागि दिइने पोशाक : प्रत्येक प्रहरी कर्मचारीलाई जाडो मौसमको लागि अनुसूची – ९ क. मा उल्लेख भएबमोजिमको पोशाक निःशुल्क दिइनेछ ।"

१७. मूल नियमावलीमा नियम १४.४ क थप : मूल नियमावलीको नियम १४.४ पछि देहायको नियम १४.४ क. थपिएको छः–

"१४.४क. सेरिमोनियल पोशाकः प्रत्येक राजपत्रांकित प्रहरी कर्मचारीलाई सेरिमोनियल पोशाकको लागि एक मुष्ट पाँच सय रूपैयाँ दिइनेछ ।
तर २०३६ साल कार्तिक १ गतेभन्दा अघि नियुक्त भएका राजपत्रांकित प्रहरी कर्मचारीलाई यो सुविधा दिइनेछैन ।"

१८. मूल नियमावलीको नियम १४.५ मा संशोधन : मूल नियमावलीको नियम १४.५ मा रहेको "पोशाक तथा अन्य लत्ता कपडाको खप्ने म्याद गर्मी याममा प्रयोग हुने भए तीन वर्ष र जाडो याममा प्रयोग हुने भए पाँच वर्षको हुनेछ" भन्ने वाक्य झिकिएको छ ।

१९. मूल नियमावलीको नियम १५.१२ मा संशोधन : मूल नियमावलीको नियम १५.१२ को सट्टा देहायको नियम १५.१२ राखिएको छः–

"१५.१२. दशैं खर्च पाउने : प्रहरी कर्मचारीले खाईपाई आएको एक महीनाको तलब बराबरको रकम प्रत्येक वर्ष घटस्थापनाको पन्ध्र दिनअगाडि दशैं खर्चको रूपमा पाउनेछ । दशैं खर्च दिंदा बडादशैंभन्दा अघिल्लो महीना भुक्तान भै नसके तापनि अघिल्लो महीनाको तलबसमेत खर्च लेखिदिनु पर्नेछ ।"

२०. मूल नियमावलीको अनुसूचीहरूमा संशोधन : मूल नियमावलीको,–

(१) अनुसूची ९, १० र ११ को सट्टा यसैसाथ संलग्न अनुसूची ९, १० र ११ राखिएका छन् ।

(२) अनुसूची ९ पछि यसैसाथ संलग्न अनुसूची ९ क थपिएको छ ।

(३) अनुसूची १३ झिकिएको छ ।

२१. रूपान्तर : मूल नियमावलीमा "गृह पञ्चायत मन्त्रालय" भन्ने शब्दहरू प्रयोग भएका ठाउँहरूमा त्यसको सट्टा "गृह मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची – ९

(नियम १४.२ संग सम्बन्धित)

### प्रारम्भिक पोशाक र सामान

| सि. नं. | विवरण | संख्या | खपत अवधि |
|---|---|---|---|
| १. | खाकी कमीज | २ | १ वर्ष |
| २. | खाकी पतलून | २ | १ वर्ष |
| ३. | खाकी कटु | २ | १ वर्ष |
| ४. | ब्यारेटक्याप | १ | २ वर्ष |
| ५. | सिटी | १ | १० वर्ष |
| ६. | सिटी कार्ट | १ | ३ वर्ष |
| ७. | वेभ बेल्ट | १ | ४ वर्ष |
| ८. | ऊनी होस्टाफ | १ जोर | २ वर्ष |
| ९. | पी. टी. गन्जी | २ | १ वर्ष |
| १०. | पी. टी. जुत्ता | १ जोर | २ वर्ष |
| ११. | बूट | १ जोर | ३ वर्ष |
| १२. | प्रहरी कुम ब्याज | १ जोर | १० वर्ष |
| १३. | टोपी ब्याज | १ | १० वर्ष |
| १४. | एंकलेट | १ जोर | ३ वर्ष |
| १५. | ऊनी कम्वल | २ | ३ वर्ष |
| १६. | ग्राउण्ड सीट | १ | ३ वर्ष |
| १७. | लाईन डोरी | १ | ५ वर्ष |
| १८. | फरेसक्याप (अधिकृतलाई मात्र) | १ | १० वर्ष |
| १९. | सेभ ब्राउन बेल्ट | १ | १५ वर्ष |
| २० | वर्षादी | १ | ५ वर्ष |
| २१. | झुल | १ | ४ वर्ष |
| २२. | किट ब्याग (ठूलो झोला) | १ | १० वर्ष |
| २३. | खुकुरी | १ | १० वर्ष |
| २४. | इक्यूपमेण्ट सेट | १ | ४ वर्ष |
| २५. | ऊनी मोजा | १ जोर | १ वर्ष |
| २६. | ऊनी जर्सी | २ | ३ वर्ष |
| २७. | किट बक्स | १ | ३ वर्ष |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

००३६६५

## अनुसूची – ९ क

(नियम १४.३ संग सम्बन्धित)

### जाडो मौसमको पोशाक

| सि. नं. | विवरण | संख्या | खपत अवधि |
|---|---|---|---|
| १. | ऊनी कमीज | २ | ३ वर्ष |
| २. | ऊनी ट्राउजर | १ | ३ वर्ष |
| ३. | ऊनी ग्रेट कोट | १ | ४ वर्ष |
| ४. | क्याप कम्फोर्ट | १ | ४ वर्ष |
| ५. | ऊनी मोजा | १ जोर | १ वर्ष |
| ६. | ऊनी जर्सी | १ | ३ वर्ष |
| ७. | गरम पन्जा | १ जोर | २ वर्ष |
| ८. | ऊनी अण्डरवेयर | २ | २ वर्ष |
| ९. | ऊनी गन्जी | २ | २ वर्ष |
| १०. | ऊनी कम्वल | २ | ३ वर्ष |
| ११. | टेरिकटनको वुशर्ट वा कमीज | १ | २ वर्ष |
| १२. | टेरिकटनको पाइण्ट | १ | २ वर्ष |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–१०
(नियम १४.४ संग सम्बन्धित)

### सुरक्षा प्रहरी (तराईतर्फ) लाई दिइने पोशाक

(क) प्रारम्भिक पोशाकबाहेक अन्य पोशाक (व्यक्तिगत):–

| सि. नं. | विवरण | संख्या | खपत अवधि |
|---|---|---|---|
| १. | जंगीबूट (गोलीगाँठो छोप्ने) | १ | ३ वर्ष |
| २. | जंगली हेट | १ | ३ वर्ष |
| ३. | एप्रोन | १ जोर | २ वर्ष |
| ४. | छालाको पंजा | १ जोर | ४ वर्ष |
| ५. | लाईन डोरी | १ | ५ वर्ष |
| ६. | मेसटिन | १ जोर | ४ वर्ष |
| ७. | इक्विपमेण्ट सेट | १ | ४ वर्ष |

(ख) इक्विपमेण्ट (यूनिट):–

| सि. नं. | विवरण | संख्या |
|---|---|---|
| १. | हेल्मेट (जालीसहित) | १ |
| २. | हतकडी | १ जोर |
| ३. | प्राथमिक उपचार बाकस | १ |
| ४. | दूर्विन | १ |
| ५. | क्यामरा र फिल्म | १ |
| ६. | कम्पास (प्रिजमेटिक्स) | १ |
| ७. | सम्बन्धित म्याप र म्याप केश | १ |
| ८. | गेती (पिक) | १ |
| ९. | वेल्चा (सावेल) | १ |
| १०. | फाडवा | १ |
| ११. | खन्ती | १ |
| १२. | बाल्टिन | १ |
| १३. | खाना पकाउने भाँडाको सेट | १ |
| १४. | पाल (१६०) पौण्ड शायर | १ |
| १५. | बञ्चरो | १ |
| १६. | पानीको छकाल | १ |
| १७. | पानीको टव (तिरपालको) | १ |
| १८. | लालटेन बत्ती र मट्टीतेल | १ |
| १९. | खुकुरी | १ |
| २० | भेरीलाइट पेस्तोल र गोली | १ |
| २१. | विस्फोटक पदार्थ (बम) | १ |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९६७

## अनुसूची – ११
(नियम १४.४ संग सम्बन्धित)

### सुरक्षा प्रहरी (पहाडतर्फ) लाई दिइने पोशाक

(क) प्रारम्भिक पोशाकबाहेक अन्य पोशाक (व्यक्तिगत):–

| सि. नं. | विवरण | संख्या | खपत अवधि |
|---|---|---|---|
| १. | स्लिपिङ ब्याग | १ | ४ वर्ष |
| २. | मेसटिन | १ जोर | ३ वर्ष |
| ३. | हिमाली पिक बञ्चरो | १ | ५ वर्ष |
| ४. | हिमाली बूट | १ जोर | ४ वर्ष |
| ५. | विण्ड चेस्टर ज्याकेट | १ | ४ वर्ष |
| ६. | ऊनी पंजा | १ जोर | ४ वर्ष |
| ७. | हलुङ्गो इक्विपमेण्ट सेट | १ | ३ वर्ष |

(ख) इक्विपमेण्ट (यूनिट):–

| सि. नं. | विवरण | संख्या |
|---|---|---|
| १. | दूर्विन | १ |
| २. | क्यामरा र फिल्म | १ |
| ३. | सम्बन्धित म्याप र म्याप केश | १ |
| ४. | कम्पास (प्रिजमेटिक्स) | १ |
| ५. | प्राथमिक उपचार बाकस | १ |
| ६. | खाना पकाउने भाँडाको सेट | १ |
| ७. | टर्च लाइट (ब्याट्रीसहित) | १ |
| ८. | वाकिटकी (ब्याट्रीसहित) | १ |
| ९. | टेलिस्कोप जडान भएको हलुङ्गो हतियार | १ |
| १०. | लालटेन बत्ती र मट्टीतेल | १ |
| ११. | खकुरी | १ |

आज्ञाले–
विष्णुप्रताप शाह
श्री ५ को सरकारको का. मु. सचिव

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
6662